त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

# ३ वर्षे स्नातक तह बि.ए.दोश्रो वर्षको आंशिक (२०८१) परीक्षा दिने परीक्षार्थीहरुका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८२ सालमा संचालन हुने **२०८१ सालको** मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत **३ वर्षे स्नातक तह बि.ए. दोश्रो वर्षको** परीक्षा दिने आंशिक तथा प्राइभेट आंशिक परीक्षार्थीहरुले आ-आफ्नो क्याम्पसमा मिति २०८२ साल असार ५ गते देखी असार २२ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोब्वर दस्तुर सहित आवेदन फाराम भरी बुझाउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. परीक्षा आवेदन फाराम सम्बन्धमा :**

क) परीक्षा आवेदन फाराम स्वयं विद्यार्थीले भरी सबै प्रक्रिया पुऱ्याई आफैले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का.जवाफदेही हुने छैन ।

ख) ३ वर्षे स्नातक तह २०७४ सालमा भर्ना भई २०७५ सालमा प्रथमपटक प्रथम वर्षको परीक्षा दिएकाहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ग) सवै परीक्षार्थीहरुले आवेदन फाराम माथि अघिल्लो पटकको रोल नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

घ) परीक्षा आवेदन फाराम भर्नको लागि हालसालै खिचेको (साधारण पोशाकमा) पासपोर्ट साईजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ङ) परीक्षा संचालन अवधिसम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फाराम प्रयोग भए अनुसारको फोटो नै पेश गर्नुपर्नेछ ।

**२. परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा :**

क) काठमाडौं उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा बैंक भौचर २ दिन भित्र परीक्षा आवेदन फाराम सहित अनिवार्य रुपमा त्रि.वि.प.नि.का., बल्खुमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर बनाएको ४ दिन भित्र परीक्षा आवेदन फाराम सहित क्षे.प.नि.का.को हकमा सम्वन्धित क्षेत्र.प.नि.का.मा र प.नि.का.क्षेत्रका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.,बल्खुमा बुझाई सक्नुपर्नेछ ।

ख) परीक्षा फारामहरु बुझाउँदा सम्वन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।